कार्यपालिकाको बैठक संख्याः ९ मितिः २०८२।१२।०६

आज मिति २०८२ साल चैत्र ०६ गतेका दिन गुल्मीदरवार गाउँपालिका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

समय : विहानको ११:०० बजे

उपस्थिति

| सि.नं. | नाम/ थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २)/सदस्य | | |
| ५. | श्री राम वहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३)/सदस्य | | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४)/सदस्य | | |
| ७. | श्री गुणानीधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५)/सदस्य | | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६)/सदस्य | | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७)/सदस्य | | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | | |
| १२. | श्री सनु देवि कार्की | सदस्य | | |
| १३. | श्री गंगा अर्याल | सदस्य | | |
| १४. | श्री विष्णुमाया बोटे | सदस्य | | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | | |

आमन्त्रीतः

| | | | |
|---|---|---|---|
| १. टेक प्रसाद पन्थी | प्रशासकीय अधिकृत | | |
| २. नवराज घिमिरे | " | " | |
| ~~सहयोगी कर्मचारी~~ तेजराज थापा | रोजगार संयोजक | | |
| १. प्रकाश थापा | सि. ई. ओ. | | |
| दीपलाल [illegible] | कार्यालय सहयोगी | | |

कार्यपालिकाको बैठक संख्याः ९ मितिः २०८२।१२।०६

<u>प्रस्तावहरु</u>

१. अघिल्लो बैठकको निर्णयहरुको समिक्षा सम्बन्धमा।

२. प्रदेश समपूरक र विशेष अनुदानको लागि योजना छनोट सम्बन्धमन।

३. LGPAS सम्बन्धी जानकारी गराउने सम्बन्धमा।

४. सिताराम मन्दिर तथा पुजाहल निर्माण अनुमति प्रदान सम्बन्धमा।

५. आर्थिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

६. LISP बाट बचत रकमको पुन ठेक्का लागि योजना छनोट सम्बन्धमा।

७. आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ संशोधन सम्बन्धमा।

८. तुराङ्ग बहुप्राविधिक शिक्षालय अध्ययनरत विद्यार्थीको शुल्क भुक्तानी सम्बन्धमा।

९. जिमी लिफ्ट खानेपानी योजनाको मोटर खरिद सम्बन्धमा।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि योजनाहरुको छनोट सम्बन्धमा।

११. एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको कार्यान्वयन सम्बन्धमा।

१२. विशेष अनुदानबाट बचत रकमको पुन ठेक्का गर्ने सम्बन्धमा।

१३. हटिया-चिनियापोखरी-भरवा- सडक खण्डको बिस्तृत योजना सर्वेक्षण (DPR) गर्ने सम्बन्धमा।

१४. मुटु स्क्रिनिङ्ग कार्यका लागि रोटरी क्लवसंग साझेदारी गर्ने सम्बन्धमा।

१५. अविवाहित पुरुष र महिला भत्ता उपलब्ध गराउने सम्बन्धमा।

१६. संघीय सशर्त अनुदानको रकमबाट खर्च गर्ने सम्बन्धमा।

१७. विविध सम्बन्धमा।

यवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ९ मितिः २०८२।१२।०६

# निर्णयहरु

**निर्णय नं १**

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँकार्यपालिकाको मिति २०८२।१०।२९ गते बसेको बैठकका निर्णयहरु प्रस्तुत गरियो अधिकांश निर्णयहरु कार्यान्वयको चरणमा रहेको पाईयो र कार्यान्यवयनमा विलम्ब भएका निर्णयहरु तत्काल कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २**

क) लुम्विनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय रासी उपल्यका (देउखुरी), नेपाल (प. सं. २०८२/०८३, च. नं. ६१९, मितिः २०८२/१२/२७) बाट आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि,२०८१ अर्न्तगत प्रदेश समपूरक अनुदान मार्फत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग भई आएकोमा गुल्मीदरबार गाउँकार्यपालिकाको बैठकबाट तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम छनोट गरी प्रस्ताव सहितको विवरण पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिल**

| प्राथमिकता क्रम | आयोजना/कार्यक्रमको नाम | लागत अनुमान | गाउँपालिकाले व्यहोर्ने | प्रदेश सरकारले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण वडा नं १। | २,७४,२९,००६.६८।- | १,३७,१४,५०३.३४।- | १,३७,१४,५०३.३४।- | नयाँ (१ बर्षे) |
| २ | हटिया ठूलाचौर उर्लाकोट घोराहा मोटरबाटो स्तरोन्नती गुल्मीदरबार-२. | २,२५,६९,७७५.९३।- | १,१२,८४,८८७.३८।- | १,१२,८४,८८७.९६।- | नयाँ (१ बर्षे) |

...ज पौडेल
...कीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ९ मितिः २०८२।१२।०६

ख) लुम्बिनी प्रदेश सरकार लुम्बिनी प्रदेश योजना आयोग राप्ती उपत्यका (देउखुरी), नेपाल (प. सं. २०८२/०८३, च. नं. २३६, मितिः २०८२/१२/२७) बाट आर्थिक वर्ष २०८३/०८४ को लागि प्रदेश विशेष अनुदान संचालन कार्यविधि (दोस्रो संशोधन) कार्यविधि, २०७६ अर्न्तगत प्रदेश विशेष अनुदान मार्फत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको प्रस्ताव माग भई आएकोमा गुल्मीदरबार गाउँकार्यपालिकाको बैठकबाट तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम छनोट गरी प्रस्ताव सहितको विवरण पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| प्राथमिकता क्रम | आयोजना/कार्यक्रमको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | गुल्मीदरबार गाउँपालिका एक घर एक धारा कार्यक्रम। | ४४,७३,५७४.४१।- | नयाँ (१ वर्ष) |

निर्णय नं ३

प्रस्ताव नं ३ माथी छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्थानीय तहको सुशासन तथा संस्थागत विकास, सामाजिक विकास, आर्थिक विकास, पूर्वाधार विकास वन वातावरण तथा विपद् व्यस्थापनका क्षेत्रको अवस्था र उपलब्धिको मूल्याङ्कन गर्न तयार गरिएको स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली(LGPAS) को विषयमा छलफल भयो र कार्यपालिकाबाट LGPAS ले निर्दिष्ट गरेको क्षेत्र, उपक्षेत्र सूचक र उपसूचकमा रहेर गाउँपालिकाका नीति तथा कार्यक्रम र बजेट निर्माणलाई प्राथमिकता दिने र विवरण प्रविष्ट कार्यमा कर्मचारीलाई पूर्ण सहयोग प्रतिवद्धता व्यक्त गरियो।

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ९ मितिः २०८२।१२।०६

## निर्णय नं ४

प्रस्ताव नं ४ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिका वडा नं ३ स्थित भुवाने पार्कमा सिताराम मन्दिर तथा पुजाहल निर्माणको लागि सिताराम मन्दिर व्यवस्थापन समितिबाट (मितिः २०८२/११/०१) अनुमतिका लागि गाउँपालिका समक्ष अनुरोध भई आएकोमा आज वसेको गाउँकार्यपालिकाको बैठकबाट अनुमति प्रदान गर्ने निर्णय गरियो साथै रामन्वामीको अवसर पारेर गरिने सप्ताहाव्यापी पुजा अनुष्ठानन कार्यक्रमलाई गाउँपालिकाबाट **रु. १ लाख संस्थागत सहयोग शिर्षकबाट** सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

## निर्णय नं ५

प्रस्ताव नं ५ माथी छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित कार्यक्रमको लागि सूचना सम्प्रेषण भई निवेदन संकल भएका र सूचना सम्प्रेषण गर्नुपर्ने कार्यक्रमका सन्दर्भमा गुल्मीदरबार गाउँपालिकाको आर्थिक विकास समितिको बैठक (मितिः २०८२/१२/०५) बैठकबाट भएका निर्णयहरु गाउँकार्यपालिकाको बैठकमा पेश भएकोमा गाउँकार्यपालिकाबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

## निर्णय नं ६

प्रस्ताव नं ६ माथी छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को लागि स्थानीय विकास पूर्वाधार विकास सहयोग कार्यक्रम(LISP) र गुल्मीदरबार गाउँपालिकाको साझेदारीमा सञ्चालित कार्यक्रमबाट पहिलो र दोस्रो चरणको ठेक्का आह्वान तथा सम्झौता पश्चात पचत रकम रु १७ लाख बराबरको लागत अनुमान हुने गरी कुँडापानी माझपोखरी बड्डुडाँडा सडक खण्ड वडा नं ६ को काम गर्ने गरी बोलपत्र आह्वान गर्ने सर्वसम्मत निर्णय गरियो।

पौडेल
...नीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ९ मितिः २०८२।१२।०६

निर्णय नं ७

प्रस्ताव नं ७ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१ को संशोधन सम्बन्धमा गुल्मीदरबार गाउँपालिकाको विद्यायन व्यवस्थापन समितिबाट मिति २०८२।१२।३ गतेको बैठकबाट तपसिल बमोजिमको संशोधनको मस्यौदा पेश गरेकोमा गाउँकार्यपालिकाको बैठकमा संशोधन प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

आधारभूत अस्पताल संञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८१(संशोधन सहित)

| सि.नं. | दफा | भएको विवरण | संशोधन हुनुपर्ने | औचित्य र कारण |
|---|---|---|---|---|
| १ | दफा २ | ~~समितिका पदाधिकारीहरूको पदावधि नियुक्ति भएको मितिले ३ वर्षको हुनेछ।~~ तर पदाधिकारीको पदावधि बाँकी रहदै स्थानीय तहको निर्वाचन सम्पन्न भएमा पदावधि स्वतः समाप्त हुनेछ । | समितिका पदाधिकारीहरू स्थानीय तहको निर्वाचन सम्पन्न नभएसम्म पदमा बहाल रहनेछन्। निर्वाचन सम्पन्न भएपश्चात् उनीहरूको पदावधि स्वतः समाप्त हुनेछ र नवनिर्वाचित पदाधिकारीहरू स्वतः समितिका सदस्य हुनेछन्। | समितिका पदाधिकारी तथा सदस्यहरू पदेन रहने व्यवस्था भएकोले उनीहरूको लागि छुट्टै पदावधि तोकिने छैन। सम्बन्धित पदमा बहाल रहेसम्म उनीहरू स्वतः समितिमा रहनेछन्। |

पौडेल
अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | दफा ७(ख) | अस्पतालबाट गुणस्तरीय, प्रभावकारी तथा दिगो सेवा प्रवाहको लागि ~~स्वास्थ्य संस्थाको~~ उन्नति र विकासको सन्दर्भमा आवश्यक निति, योजना, कार्यक्रम तर्जुमा सम्बन्धमा निर्णय गरी कार्यान्वयन गर्ने गराउने । | अस्पतालबाट गुणस्तरीय, प्रभावकारी तथा दिगो सेवा प्रवाहको लागि अस्पतालको उन्नति र विकासको सन्दर्भमा आवश्यक निति, योजना, कार्यक्रम तर्जुमा सम्बन्धमा निर्णय गरी कार्यान्वयन गर्ने गराउने । | यो कार्यविधि आधारभूत अस्पताल संचालन तथा व्यवस्थापनको लागि उत्तरदायि हुने भएको हुँदा स्वास्थ्य संस्थाको सट्टा अस्पताल शब्द राखिएको । |
| ३ | दफा ८(२)(६) | अस्पतालले संञ्चालन गरेको सेवाबाट प्राप्त रकम । | हटाउने | दफा ८ (२)(३) र ८ (२)(६) रकमका स्रोतहरू आपसमा मिल्दाजुल्दा छन् र दोहोरो अर्थ उत्पन्न गर्ने सम्भावना रहेको छ। त्यसकारण, दफा ६ को व्यवस्थालाई हटाउने । |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकाको बैठक संख्याः ९

मितिः २०८२।१२।०६

| | | | | |
|---|---|---|---|---|
| ४ | दफा १२(२) | यस आधारभुत अस्पतालमा हाललाई तपशिलमा उल्लेखित दरबन्दि अनुसारका कर्मचारीको दरबन्दी रहनेछ। | आधारभूत अस्पतालमा कर्मचारी व्यवस्था स्वास्थ्य मन्त्रालयबाट स्वीकृत दरबन्दी र तपसिलमा उल्लेखित दरबन्दी अनुसार गरिनेछ। | स्वास्थ्य मन्त्रालयबाट स्वीकृत दरबन्दी समावेश गर्दा आधिकारिकता, स्पष्टता र नीतिगत अनुरूपता सुनिश्चित भई द्विविधा हट्छ। |
| ५ | दफा १२(३)(२) | गाउँपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौट गरी अस्पतालमा सिफारिस गर्नेछ। | गाउँपालिकाले अस्पताललाई आवश्यक पर्ने जनशक्तिको भर्ना र छनौटको प्रक्रिया सञ्चालन गर्नका लागि स्वीकृति दिनेछ। अस्पतालले गाउँपालिकाबाट स्वीकृति प्राप्त गरेपछि, उक्त जनशक्ति भर्ना र छनौट प्रक्रिया अघि बढाउनेछ। | स्वीकृति प्रक्रियामा सुधार र सरलता ल्याउनाले अस्पताललाई जनशक्ति भर्ना र छनौट प्रक्रिया अधिक प्रभावकारी र समयमै गर्न मद्दत पुर्याउँछ। |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६ | दफा १४ | आधारभुत आकस्मिक सेवा अन्तरगत यस गुल्मीदरबार आधारभुत अस्पताल (१५ शैया) बाट रात्रीकालिन तथा आकस्मिक (Emergency) सेवा २४ घण्टा संचालन हुने र अस्पतालको स्वीकृत तथा पदपुर्ति भएका जनशक्तिबाट थप सेवा संचालन गर्नुपर्ने भएमा देहाय बमोजिम सेवा दिएबापत निम्न अनुसार थप सुविधा दिन सकिने छ । यो सेवा सुविधा अस्पताल संचालन हुँदाको दिन देखि लागु हुनेछ। सेवा सुविधा आवश्यकताअनुसार समयसमयमा परिमार्जित हुन सक्ने छ। रात्रीकालिन सेवाका लागि प्रतिदिन ३ जना स्वास्थ्यकर्मी खटाइने | आधारभुत आकस्मिक सेवा अन्तर्गत यस गुल्मीदरबार आधारभुत अस्पताल (१५ शैया) बाट रात्रीकालिन तथा आकस्मिक (Emergency) सेवा २४ घण्टा संचालन हुने र अस्पतालको स्वीकृत तथा पदपुर्ति भएका जनशक्तिबाट थप सेवा संचालन गर्नुपर्ने भएमा आधारभूत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारी प्रोत्साहन वितरण कार्यविधि, २०८२ वमोजिम प्रोत्साहन गरिनेछ। | छुटै कार्यविधि जारी गरि व्यवस्थित गरिएको |

युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | छ। जुन ड्युटी रोष्टरका आधारमा हुने छ।<br>नाइट ड्युटि गरेवापत तपशिल अनुसारको भत्ताको व्यवस्था गरिने छ।<br>तपसिल,<br>१ मेडिकल अधिकृत- प्रति नाइट रु.३५०।<br>२ पारामेडिक्स- प्रति नाइट रु. १५० ।<br>३ नर्सिङ्ग कर्मचारी- प्रति नाइट रु. १५०।<br>नोटः उपरोक्त सेवा सुविधा प्राप्त गर्नका लागि बिरामीलाई रात्रीकालिन सेवा प्रदान गरेको प्रमाणित हुनुपर्नेछ। साथै बिरामी भर्ना नभएको अवस्थामा उक्त सुविधा प्रदान हुनेछैन। | | |
| ७ | दफा १२(२) | अस्पतालले वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा | अस्पतालले वार्षिक रुपमा आवश्यक | अस्पताल व्यवस्थापन समितिमा स्वास्थ्य |

…राज पौडेल
…कृतीय अधिकृत